# " जलस्रोत कृषि, शिक्षा, पर्यटन, सांस्कृति र पुर्वाधार, आत्मनिर्भर, समुन्नत र समृद्ध तादी निर्माणको आधार "

**सोच :**

आगामी ५ वर्षभित्र आत्मनिर्भर, समुन्नत र समृद्ध तादीको आधार खडा गर्ने ।

**लक्ष्य :**

जलश्रोतको अधिकतम उपयोग, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, सँस्कृति सम्वर्द्धन तथा संरक्षण र पूर्वाधारको विकास मार्फत तादी गाउँपालिकालाई आत्मनिर्भर समुन्नत र समृद्ध बनाउने ।

**उद्देश्य :**

आगामी आ.ब. २०७४/०७५ को बजेटका निम्न उद्देश्यहरु रहेका छन् ।

(क) तादीवासी जनतालाई आत्मनिर्भर वनाउने ,

(ख) जलश्रोतको भरपुर उपयोग गरी सबै खेतियोग्य जमीनमा सिंचाई सुविधा उपलब्ध गराउने ।

(ग) कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्ने ।

(घ) पर्यटन प्रवर्द्धन मार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने ।

(ङ) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सबै तादीवासीको सहज पहुँच पुऱ्याउने ।

(च) पूर्वाधार निर्माणमा दिगोपना सनिश्चित गर्ने ।

(छ) सबै तादीवासीलाई सहज सडक यातायात सुविधा उपलब्ध गराउने ।

**बजेट तर्जुमा गर्दा लिइएका आधारहरु**

- नेपालको संबिधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त नीतिहरु ।
- चौधौ योजना २०७३/०७४-०७५/०७६ले निर्धारण गरेका उद्देश्य र प्राथमिकताहरु ।
- दिगो बिकास लक्ष्यले निर्धारण गरेका क्षेत्रहरु ।

- नेपाल सरकार संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालयले जारी गरेको, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ ।
- नेपाल सरकार अर्थ मन्त्रालयले जारी गरेको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक ब्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ ।
- संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन ।
- वडा समितिबाट बजेट तर्जुमा समिति हुदै सहभागिता मुलक योजना तर्जुमा प्रकयाद्धारा प्राथमिकीकरण सहित प्राप्त आयोजना तथा सुझाब ।

**आगामी आर्थिक बर्ष २०७४/०७५ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिइएको छ ।**

१.रोजगारमुखी समाबेसी आर्थिक बिकास ।

२.पिछडिएको जाति समुदाय तथा भौगोलिक क्षेत्रको उत्थान र बिकासको लागि बिशेष कार्यक्रम ।

३.भौतिक पूर्बाधारको बिकास ।

४.कृषि क्षेत्रको आन्युनिकीकरण, ब्यवसायिकरण र बजारीकरण ।

५.शिक्षा, स्वास्थ्य लगायतका सामाजिक बिकासका क्षेत्रमा सबैको सहज पहुच ।

६.सार्बजनिक सेवा प्रबाहमा सुधार गरी सुशासन कायम ।

७.बिपत ब्यबस्थापन र वातावरण संरक्षण ।

८.खेतीयोग्य जमीनमा पूर्णरुपमा सिंचाई ।

**गाँउपालिकाको योजना तर्जुमा गर्दा देहाय अनुसारका क्षेत्रगत नीतिहरु तर्जुमा गरिएको छ ।**

**आर्थिक बिकास सम्बन्धी नीतिहरु**

- प्रचुर संभावना भएको जलश्रोतको अधिकतम उपयोग गरी गाउँपालिका क्षेत्र भित्रको सबै खेतीयोग्य जमीनमा सिंचाई सुबिधा उपलब्ध गराईनेछ ।
- खेतीयोग्य जमिन बाझो राख्ने प्रबृतिलाई निरुत्साहित गरी भू-वनोट अनुसारको खेती लगाउन आबश्यक परामर्श र प्रोत्साहन गरिनेछ ।
- कृषि तथा पशु सम्बन्धी प्राबिधिक परामर्श उपलब्ध गराउन एक वार्ड एक प्राबिधिकको नीति कार्यान्वयन गरिनेछ ।
- पशुपालन ब्यवसायलाई ब्यवसायिक बनाउन पशुबिकासका बिबिध कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि क्षेत्रको आधुनिकीकरण, ब्यवसायिकरण र बजारीकरण गरी यस क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याइनेछ ।

- यस क्षेत्रमा व्यापकमात्रमा हुने आलु उत्पादनलाई मध्यनजर गर्दै छिमेकी गाउँपालिकाहरुसगको सहकार्यमा शितभण्डार स्थापना गरिनेछ ।
- पर्यटन क्षेत्रको बिकास र प्रबद्धन गर्न बागमारा क्षेत्रलाई बिशेष क्षेत्रको रुपमा बिकास गरिनेछ भने अन्य पर्यटकीय क्षेत्रको खोजी र बिकास गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका संभाबित बस्तीहरुमा होमस्टे संचालनमा ल्याइने छ ।
- सहकारी क्षेत्रको प्रबर्द्धनलाई जोड दिदै सहकारी नियमनलाई प्रभाबकारी बनाइने छ ।
- गाउँपालिका क्षेत्रभित्रका बित्तीय संस्थाहरुलाई बिपन्न र पिछडीएको समुदायमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

## सामाजिक बिकास

- सबैका लागि गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।
- सामुदायिक बिद्यायलको शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाइने छ ।
- खरानीटारमा संचालित प्राबिधिक शिक्षालाई थप गुणस्तरीय बनाई थप बिषयहरुको अध्ययन गराइनेछ ।
- गाउँपालिका क्षेत्रका सबै बस्ती र टोलहरुमा स्वच्छ र सफा पिउने पानी उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका बजर क्षेत्रमा समुदायमा आधारित सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभीत्र रहेका बिबिध सास्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्धन गरिनेछ ।
- तामाङ जातिहरुको भेषभुषा र सस्कृतिको संरक्षण गर्न (यस गा.पा.वडा नं.४) बागमारामा तामाङ संग्राहालय स्थापना गर्न आबश्यक प्रक्रिया अगाडी बढाइने छ ।

## खेलकुद तथा मनोरञ्जन

- गाउँपालिका क्षेत्रमा रहेका खेलाडीहरुको प्रतिभा प्रस्फुटन गराउन बिबिध खेलकुद प्रतियोगिता आयोजनागर्न आबश्यक सहयोग गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई सक्रिय र सिर्जनशिल बनाउन क्लबहरु मार्फत युवाहरुको क्षमता बिकास कार्यक्रम संचालन गरिनेछ ।

## लैगिंक समानता र सामाजिक समावेशीकरण

- मानब बेचबिखन, घरेलु हिंसा लगायत सबै किसिमका हिंसा अन्त्यका लागि बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

- महिलाहरुको सशक्तिकरण र क्षमता बिकासको लागि बिबिध कार्यक्रम संचालन गरिनेछ ।
- "महिलासँग उपाध्यक्ष" कार्यक्रम अन्तर्गत महिलाहरुको सिप बिकास र आयआर्जन कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

- संबिधानमा व्यवस्था भएका हक अधिकारलाई लक्षित बर्ग माभ्क सूसुचित गर्न बिबिध कार्यक्रम संचालन गरिनेछ ।
- निणर्य प्रक्रिया र आयोजनाहरुको कार्यान्वयनको क्षेत्रमा महिलाको सहभागिता सुनिश्चि गर्दै गाउँपालिकामा लैङ्गिक रणनीति तयार गरी लैङ्गिक बिभेदलाई कम गर्ने नीति अवलम्बन गरिनेछ ।

- दलित जनजाति र एकल महिलाहरुको सशक्तिकरण तथा स्वरोजगारमूलक क्रियाकलापहरु प्रबर्द्धन गरी आत्मनिर्भर बनाउन जोड दिइनेछ ।
- जनस्वास्थ्यलाई अत्याबश्यक आधारभूत तथा मौलिक अधिकारको रुपमा स्थापीत गर्दै स्वास्थ्यमा सर्बसाधारणको पहुँच सहज तुल्याउने नीति अबलम्बन गरिनेछ ।
- स्वास्थ्य सस्थाहरुको भौतिक पूर्वाधार बिकास तथा स्तरबृद्धि गर्दै स्वास्थ्य संस्थाबाट प्रबाह गर्ने सेवालाई समयानुकुल गुणस्तरीय बनाइनेछ ।
- अधिकांश ग्रामीण महिलाहरु प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याबाट ग्रसित रहेको तथ्यलाई ध्यानमा राखी सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा बिशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- खरानीटारमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई आधुनिक  प्रबिधिमैत्री बनाई गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुच कायम गरिनेछ ।
- तादी गाउपालिकालाई पूर्ण खोप  सुनिश्चितता गाउपालिका घोषणा गरिनेछ ।
- गाउघर क्लिनिक कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गरिनेछ ।
- "जेष्ठ नागरिकसग अध्यक्ष" कार्यक्रम संचालन गरी जेष्ठनागरिकहरुको घरमै स्वास्थ्य परिक्षण गरी स्वास्थ्य परामर्श प्रदान गरिने छ ।
- बालमैत्री गाउँपालिका निर्माण गर्न बालबालिकाको स्थितिपत्र/प्रोफायल तयार गरी सोका आधारमा बालमैत्री रणनैतिक योजना तर्जुमा गर्ने र बालमैत्री स्थानीय शासन पद्धती अबलम्बनका लागि सरोकारवलाहरु बीचको साझेदारी र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।
- बाल स्वास्थ्य र पोषण सम्बन्धी कार्यहरुलाई अभिवृद्धि गर्न लक्षित कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रमा अपांगता भएका ब्यक्तिहरुको खण्डिकृत बिवरण तयार गरी आबश्यकता मुखी लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- अपांगता  भएका ब्यक्तिहरुको लागि आयआर्जन र सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

- आदीबासी जनजातिहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा रोजगारमुखि कार्यक्रम संचालन गर्न उत्प्रेरित गरिनेछ ।
- दलित तथा आदिबासी जनजाति समुदायबाट प्राबिधिक शिक्षामा उच्च शिक्षा अध्ययनका लागि छात्रबृत्ति उपलब्ध गराइनेछ ।
- गाँउपालिका क्षेत्रभित्र रहेका दलितहरुको खण्डिकृत तथ्यांक (प्रोफायलत) तयार गरी सोही बमोजिम लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- समाजमा रहेको छुवाछुत र सामाजिक बिभेद उन्मुलनका लागि आबश्यक पहल गरिनेछ ।
-

## पूर्बाधार बिकास

- यस गाउँपालिका भित्र पूर्बाधार निर्माणमा दिगोपना सुनिश्चित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण भएका र अब निर्माण गर्ने सबै सडकमा नाली निर्माणलाई अनिबार्य गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका सबै खेतीयोग्य जमीनमा पूर्णरुपमा सिंचाई सुबिधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै भवनहरुलाई सुरक्षित बनाउन मापदण्ड बनाई नक्सापासलाई अनिबार्य गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र बजार क्षेत्रलाई व्यवस्थित गर्न व्यवस्थित शहरी बिकास नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका बजार केन्द्रहरुमा समुदायको लागत सहभागितामा सौर्य सडक बत्ती जडान गरिनेछ ।
- गाउँपालिकाको सबै बडाहरुमा इन्टरनेट सुबिधा उपलब्ध गराइनेछ र यस तादी गाउपालिकाको सेवा प्रबाह प्रणालीलाई प्रबिधिमैत्री बनाइने छ ।

## वातावरण तथा बिपद ब्यवस्थापन

- गाउँपालिका क्षेत्रभित्र रहेका सबै सामुदायिक वनको संरक्षण गरिनेछ ।
- बर्षातको समयमा हुने बाढी पहिरो भूक्षय जस्ता प्राकृतिक प्रकोप नियन्त्रण गर्न दिगो भू-संरक्षण नीति अबलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका परम्परागत कुवा, पधेरा, धारा लगायतका पानीका श्रोतहरुको बिशेष संरक्षण गर्ने नीति अबलम्वन गरिनेछ ।
- वातावरण संरक्षणको लागि बिबिध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । साथै जलबायु परिबर्तन अनुकुलन क्षमता बढाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र आइपर्न सक्ने संभावित बिपदको व्यवस्थापनको लागि बिपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- कतिपय भूकम्पपिडितले अझैपनि राहात रकम पाउन नसकेको अबस्था देखिएको हुँदा वास्तबिक भूकम्प पिडितलाई राहात रकम यशाशिघ्र उपलब्ध गराउन आबश्यक पहल गरिनेछ ।

**सस्थागत बिकास, सेवा प्रबाह र सुशासन**

- गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो र छरितो बनाइने छ । सार्बजनिक सेवा प्रबाहलाई आधुनिक प्रबिधियुक्त बनाई नागरिक मैत्री सेवा प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई प्रभाबकारी बनाउन ईलाका प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालयसग समन्वय गरी निगरानी ब्यवस्थालाई प्रभाबकारी बनाइनेछ ।
- जन्म, मृत्यु, बिबाह, बसाई सराई र सम्बन्ध बिच्छेद दर्ता प्रक्रियालाई सफ्टवेयर प्रणालीमाआबद्ध गरी अभिलेखलाई ब्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा अन्तर्गत भत्ता प्राप्त गर्ने बर्गहरु (जेष्ठ नागरिक/दलित जेष्ठ नागरिक/बिधवा/एकल महिला/अपांग/दलित बालबालिका)को अभिलेख सफ्टवेयर प्रणालीमा आबद्ध गरी ब्यवस्थित गरिनेछ ।
- यस तादी गाउँपालिकालाई सुशान मैत्री बनाउन सबै कारबाहीहरुमा पारदर्शिता कायम गरिनेछ । नागरिक बडापत्र, उजुरी पेटिका र गुनासो सुन्ने प्रभाबकारी संयन्त्रको ब्यवस्था गरिनेछ ।
- गाउँपालिका द्वारा संचालित सबै योजना तथा कार्यक्रममा ब्यापक रुपमा जनसहभागिता परिचालन गरिनेछ । बढी भन्दा बढी जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | २१४५० | ६५८६८ | | ८७३१८ |
| २ | | वडा समिति | ६६०० | ४२००० | | ४८६०० |
| ३ | | बिषयगत शाखा सशर्त अनुदान | ० | ७९२८४ | | ७९२८४ |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | ० | ० | | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | | ० |

रु. हजारमा

| क) आ.ब.०७४/०७५ को लागि अनुमानित आय | | | |
|---|---|---|---|
| क्र.स. | आर्य शिर्षक | अनुमानित आय | कैफियत |
| १ | आन्तरिक आय | ३५३५०००।०० | |
| २ | बित्तीय समानीकरण अनुदान | १३२३८३०००।०० | |
| ३ | सर्शत अनुदान | ७९२८४०००।०० | |
| | **जम्मा** | २१५२०२०००।०० | |
| | | | |

| क) आ.ब.०७४/०७५ को लागि अनुमानित आन्तरिक आय | | | |
|---|---|---|---|
| क्र.स. | आर्य शिर्षक | अनुमानित आय | कैफियत |
| १ | सिफारिस दस्तुर (वडा कार्यालय समेतबाट) | ३०००००।०० | |
| २ | मालपोत (भूमीकर) | १०००००।०० | |
| ३ | ब्यवसार कर | २०००००।०० | |
| ४ | बिज्ञापन कर | १००००।०० | |
| ५ | घर बहाल कर | २००००।०० | |
| ६ | बार्षिक सवारी कर | ५०००।०० | |

| | | | |
|---|---|---|---|
| ७ | बिद्युत रोयल्टी (स्थानीय बिद्युतगृहबाट प्राप्त हुने | १२००००००।०० | |
| ८ | निकासी कर (राजश्व बाडफाड) | १२००००००।०० | |
| ९ | रजिष्ट्रेशन शुल्कबाट प्राप्त आम्दानी (मालपोत कार्यालय) | ५००००००।०० | |
| | जम्मा | ३५३५०००।०० | |
| | | | |

क) आ.ब.०७४/०७५ को लागि अनुमानित ब्यय

| क्र.स. | ब्यय शिर्षक | अनुमानित ब्यय | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | २८०५००००।०० | |
| २ | पुंजीगत खर्च | १०७८६८०००।०० | |
| ३ | सर्शत अनुदान | ७९२८४०००।०० | |
| | जम्मा | २१५२०२०००।०० | |

| क्र.स. | खर्च शिर्षक | ०७४/७५ को खर्च अनुमान |
|---|---|---|
| १ | **चालु खर्च** | |
| १ | **उपभोग खर्च** | |
| १. | पदाधिकारी बैठक भत्ता | १५००००० . ००० |
| २. | तलब | ६०००००० . ००० |
| २.१ | तलब कर्मचारी | ६०००००० . ००० |
| ३. | भत्ता | १४५००००. ००० |
| ३.१ | कर्मचारी भत्ता | ५००००० . ००० |

| | | |
|---|---|---|
| ३.२ | महंगी भत्ता | २५०००० . ००० |
| ३.३ | बैठक भत्ता | २००००० . ००० |
| ३.४ | पोशाक | २५०००० . ००० |
| ३.५ | अन्य भत्ता | २५०००० . ००० |
| **४.** | **कार्यालय संचालन र सेवा खर्च** | **११८००००० . ०००** |
| ४.१ | पानी तथा विजुली महशुल | १००००० . ००० |
| ४.२ | संचार महशुल | १००००० . ००० |
| ४.३ | छपाई खर्च (वडा समेतको छपाई) | १५००००० . ००० |
| ४.४ | कार्यालय सम्बन्धी खर्च (स्टेसनरी लगाएत) | १०००००० . ००० |
| ४.५ | भाडा | ५००००० . ००० |
| ४.६ | अन्य भाडा | १५००००० . ००० |
| ४.७ | इन्धन तथा अन्य इन्धन | ५००००० . ००० |
| ४.८ | वार्ड कार्यालयको प्रशानिक खर्च( प्रति वडा ११लाख को दर ले वार्ड समितिको बैठक भत्ता, वार्ड कर्मचारीको तलब, स्टेशनरी र अन्य बिबिध खर्च) | ६६००००० . ००० |
| **५.** | **मर्मत तथा सम्भार** | **५००००० . ०००** |
| ५.१ | मर्मत तथा सम्भार | ५००००० . ००० |
| **६.** | **कार्यक्रम खर्च** | **२३००००० . ०००** |
| ६.१ | पदाधिकारी क्षेमता बिकाश तालिम | ५००००० . ००० |
| ६.२ | कर्मचारी क्षेमता बिकाश तालिम | ५००००० . ००० |
| ६.३ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३००००० . ००० |
| ६.४ | बिबिध कार्यक्रम खर्च (मेला महोत्सब, अभियान, घोसणा, सस्कृति संरक्षण र प्रबर्द्धन कार्यक्रम) | १०००००० . ००० |
| **७.** | **परामर्श तथा अन्य सेवा शुल्क** | **२०००००० . ०००** |
| ७.१ | परामर्श सेवा शुल्क | १०००००० . ००० |

| | | |
|---|---|---|
| ७.२ | अन्य सेवा र शुल्क | १००००००.००० |
| ८. | **अनुगमन मुल्याकन र भ्रमण खर्च** | १००००००.००० |
| ८.१ | अनुगमन मुल्याकन र भ्रमण खर्च | ५०००००.००० |
| ८.२ | भ्रमण खर्च | ५०००००.००० |
| ९. | **विविध खर्च** | १५०००००.००० |
| ९.१ | सदस्यता शुल्क | ५००००.००० |
| ९.२ | पुरस्कार | ५००००.००० |
| ९.३ | आर्थिक साहायता | ५०००००.००० |
| ९.४ | गाउँ सभा खर्च | १०००००.००० |
| ९.५ | अन्य बिबिध खर्च | ८०००००.००० |
| | **जम्मा चालु खर्च** | **२८०५००००.०००** |
| | | |
| २ | **पूंजीगत खर्च तर्फ** | |
| **क्र.स.** | **खर्च शिर्षक** | **०७४/७५ को खर्च अनुमान** |
| २.१ | जग्गा खरिद | ० |
| २.२ | भवन निर्माण/खरिद | ७६०००००.०० |
| २.३ | फर्निचर | १५०००००.०० |
| २.४ | सवारी साधन | ५०००००.०० |
| २.५ | मेशिनरी औजार | १००००००.०० |
| २.६ | सार्वजनिक निर्माण | ९४२६८०००.०० |
| २.७ | पूँजिगत अनुसन्धान तथा परामर्श | ३००००००.०० |
| | **जम्मा** | **१०७८६८०००.००** |